लेखापरीक्षण प्रतिवेदन

इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/546

श्रीमान् अध्यक्षज्यू,

इन्द्रावती गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/546

श्रीमान् अध्यक्षज्यू,

इन्द्रावती गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२. गाउँपालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ७५ करोड ९७ लाख ७९ हजारको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणबाट रु.२ करोड २ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड ६ लाख ४६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.१२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६४ हजार र नियमित गर्नुपर्ने रु.९५ लाख ७० हजार गरी जम्मा रु.९६ लाख ४६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.२९ करोड २३ लाख ४१ हजारमध्ये रु. १ करोड ८९ लाख ५६ हजार सम्परीक्षण भई यस वर्षको रु.९६ लाख ४६ हजार थप समेत हालसम्म अद्यावधिक बेरुजु रु.२८ करोड ३० लाख ३१ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६४	२७	२,०२,९१,८१४	०	२०	१,०६,४५,६६९	०	६४	७	९६,४६,१४५	१२,४४३	९५,७०,१०२	६३,६००	०	०	९६,३३,७०२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुपाल्चोक	२९,२३,४०,९०४		१,८९,५५,८५९	२७३३८५०४५	०	९६,४६,१४५	२८३०३११९०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३१	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम -	२८,१६,४९३
२	२०८१/८२	४४.१	सोलार ड्रायर मेसिन	१,७५,०००
३	२०८१/८२	३५	सडक बोर्ड नेपाल	५५,०००
४	२०८१/८२	२५	विदाको समयको बैठक भत्ता भुक्तानी -	२४,२२५
५	२०८१/८२	१८	वहाल कर -	१२,०००
६	२०८१/८२	३०	मू. अ. कर भुक्तानी -	७,२०७
७	२०८१/८२	११	मसलन्द तथा कार्यालय सामाग्री खरिद -	२०,९०,१८३

८	२०८१/८२	१६ र १७	बैठक भत्ता -	६१,२००
९	२०८१/८२	१९	बालविकास सहजकर्ता -	१८,८१,४९०
१०	२०८१/८२	२९	पाइप खरिद -	१,२८,६९५
११	२०८१/८२	४५.१	दुना टपरी बनाउने मेसिन	६०,३६३
१२	२०८१/८२	३३	जिन्सी दाखिला -	२,२६,३९५
१३	२०८१/८२	२४.७ र २४.१०	उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य	२०,१५६
१४	२०८१/८२	२३.२ र २३.३	आय ठेक्का -	३०,८७,२६२
१५	२०८०/८१	६१.३,६१.६,६१.८	शिक्षातर्फ	३,१६,२१५
१६	२०८०/८१	६०.१	शिक्षा	२,६८,०००
१७	२०८०/८१	६३	पेश्की बाकी	३,६९,२००
१८	२०७९/८०	२७	सामाजिक परिचालकः	३३,९६,०००
१९	२०७९/८०	२५	कर्मचारी व्यवस्था-	१,४५,५०,९२४
२०	२०७९/८०	२८	आयोगको परामर्श	४७,५२०
२१	२०७७/७८	२१.१	आन्तरिक लेखापरीक्षकले औल्याएका बेरुजुहरु	८,०००
जम्मा				२,९६,०१,५२८

इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक

(८०३२७५०१३००)

ईन्द्रावती गाउँपालिका , सिन्धुपाल्चोक

परिचय

१

(क) कार्यालय परिचय :-स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्धेश्य रहेको छ । यस पालिकामा १२ वडारहेको छ भने क्षेत्रफल १०५.११ वर्ग किलोमिटर तथा २५,३६५जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्धेश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।८ देखि २०८२।५।११ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय - व्ययतर्फ रु. १ अर्ब ७५ करोड ९७ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८६२६५१४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	नवलपुर मा विलाई बढि निकासा रकम दाखिला	१३४५०
२	सडकबोर्ड नेपालबाट सोधभर्ना प्राप्त भएको	१७४६८०७
३	श्री चण्डेश्वरी मा वि ले पाठ्यपुस्तकबापत बढी भुक्तानी रकम रु.६८२०।०० असुल गरी नेपाल बैङ्क लिमिटेडमा रहेको भौचर नं ८००८०५६ बाट सङ्घीय सञ्चित कोषमा दाखिला भौचर	६८२०
४	सामाजिक सुरक्षा भत्ता वितरण पश्चात बाँकी रहेको दोहोरो भूक्तानी भएको बैंकबाट फिर्ताः कुमारी बैंक रु. ५३४४९।- नेपाल इन्भेष्टमेन्ट बैंक रु. २६४९६।- सिन्धु विकास बैक रु. ५०८०५।- र दोहोरो भूक्तानी भएको रु. ९५७६०।- गरी जम्मा रु. २२६५१०।	२७६९३६
५	मौज्दात रहेको नदीजन्य पदार्थको बिक्रिबाट असुली भई मिति २०८२।०६।३० मा नेपाल इन्भेष्टमेन्ट बैंक मा दाखिला	६५८२५००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण-**

२.१ **वित्तीय प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारो एकीकृत वित्तीय विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		५०५६२८३५	चालु खर्च		४१४३१९९६६
१.संचित कोष	४०५६५५०९		१. पालिका तर्फ	१७१९८८९८०	
२.धरौटी	९९९७३२६		२. संघीय सशर्त	२३३५२९७४६	
३.कार्यसञ्चालन कोष			३. संघीय विशेष		
४. अन्य कोष			४. प्रदेश सशर्त	८८०१२४०	
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय			पुँजीगत खर्च		२४७२९०३७२
२. वित्तीय हस्तान्तरण (संघ)		४९३१२६४३७	१. पालिका तर्फ	१९०५०२३३४	
क) समानीकरण अनुदान	१२६४४५२८०		२. संघीय सशर्त	५४९३९००	
ख) राजस्व बाँडफाँट	८८९०२६५७		३. संघीय विशेष	६३७४९०७	
ग) सशर्त अनुदान	२५३२७८५००		४. संघीय समपुरक	१५००००००	
घ) समपुरक अनुदान	१५००००००		५. प्रदेश सशर्त	११३९४१७०	
ङ) विशेष अनुदान	९५०००००		६. प्रदेश विशेष	२७४५२४७	
च) रोयल्टी			७. प्रदेश समपुरक	१५७७९८१४	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१५९४५६५१०
३. वित्तीय हस्तान्तरण (प्रदेश)		९१२२८२५३	क) सामाजिक सुरक्षा	१५४४९२९३२	
क) समानीकरण अनुदान	१४६२१०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४८३०८३८	
ख) राजस्व बाँडफाँट	२६१६२२५३		ग) विद्यालय शिक्षा क्षेत्र योजना	०	
ग) सशर्त अनुदान	२२४४५०००		घ) रोजगार प्रवर्दन कार्यक्रम	१३२७४०	
घ) समपुरक अनुदान	२००००००००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
ङ) विशेष अनुदान	८००००००		ऋण फिर्ता(साँवा)		
च) रोयल्टी			ऋणको ब्याज भुक्तानी		
छ) अन्य			धरौटी फिर्ता तथा सदर स्याहा		
			कार्यसञ्चालन कोषबाट भएको खर्च		
४. अन्तर सरकारी अख्तियारी (संघ)		१६२१५९१००	अन्य कोषबाट भएको खर्च		
क) सामाजिक सुरक्षा	१५५३५९४००		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५६४३०००		अन्य सहयोगमा सञ्चालित योजना		

ग) विद्यालय शिक्षा क्षेत्र योजना	८७५०००		अन्य खर्च भएमा	१०७५०००	१०७५०००
घ) रोजगार प्रवर्दन कार्यक्रम	२८१७००				
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		२४८५६९५०
७. धरौटी आय		०	क) सशर्त अनुदान	२१७३१८५७	
८. कार्यसञ्चालन कोष आय			ख) विशेष अनुदान	३१२५०९३	
९. अन्य कोषको आय	१५७५०००	१५७५०००	ग) समपुरक अनुदान		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		११६९४५२९
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	२२४९५९०	
१२. अन्य आय भएमा			ख) विशेष अनुदान	५२२४७५३	
१३ आन्तरिक श्रोत	१५२९९६७२६	१५२९९६७२६	ग) समपुरक अनुदान	४२२०१८६	
			अन्तिम मौज्दात		९२९५५०२४
			१. संचित कोषको मौज्दात	७९५०४३०३	
			२. धरौटी	१२९५०७२१	
			३. कार्यसञ्चालनकोष		
			४. अन्यकोष	५०००००	
जम्मा		९५१६४८३५१	जम्मा		९५१६४८३५१

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५४४९२९३२।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२१३०८३८।-, रोजगार कार्यक्रम प्रर्वद्धन कार्यक्रमको रु.१३२७४०।- र प्रकोप व्यवस्थापनको रु.१०७५०००।- समेत गरी रु. १५५९१८०६०।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।

२.३ **बैङ्क हिसाब विवरण -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी	अनुसार २०८२असार मसान्तको बाँकी
१	स्थानीय तह सञ्चित कोष खाता	७९५०४३०३	७९५०४३०३
२	चालु खर्च खाता	०	०
३	पुँजीगत खर्च खाता	०	०
४	विविध खर्च खाता		
५	विपद व्यवस्थापन खाता	५०००००	५०००००
६	स्थानीय विभाज्य कोष	०	०
७	धरौटी खाता	१२९५०७२१	१२९५०७२१
जम्मा		९२९५५०२४	९२९५५०२४

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

३ आन्तरिक नियन्त्रण तथा सेवा प्रवाह-

३.१ **आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

३.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर ईन्द्रवती गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३.३ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

३.४ **सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकालेवाट प्राप्त विवरण अनुसार घटना दर्ता १६०३ भएकोमा अन्य सेवा प्रवाहको विवरण प्राप्त भएन।

३.५ **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।पालिकाले १३ पटक सार्वजनिक परीक्षण गराइ रु. २५८४००।- खर्च गरेको छ।

४ बजेट तथा कार्यक्रम-

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

४.२ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्ष श्री शोभना तामाङले मिति २०८१।३।१०मा रु. ८४ करोड ६५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

४.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा कुल ३५३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र..	विवरण	योजना संख्या	रकम (रु. हजारमा)
१	रु.१ लाखभन्दा कमको योजना	२	१००
२	रु. १ लाख देखि ५ लाख सम्मका योजना	१९२	४८८३
३	रु. ५ लाख देखि १० लाख सम्मका योजना	७२	३८१४६
४	रु.१० लाख देखि ५० लाख सम्मका योजना	५१	७२२६८
५	रु. ५० लाख भन्दा माथिका	६	९९७००
	जम्मा	३२३	२१५०९७

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३२३ योजनामात्र कार्यान्वयन भई २० योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

४.४ **लक्ष्य प्रगति-** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरेको गर्नुपर्दछ ।

४.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट (रु. हजारमा)	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	८८३३१	५१६६३	५८.४९
२	सामाजिक विकास	३३४३७९	२८५७४४	८५.४६
३	पूर्वाधार विकास	२३३२५५	१८८९५१	८१.०१
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२८७२५	१६३८५	५७.०४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	१६१८०९	१२०४१९	७४.४२
जम्मा		८४६४९९	६६३१६२	७८.३४

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८५.४६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ५७.०४ प्रतिशत रहेको छ।

४.६ **त्रैमासिक पुँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च (रु. हजारमा)**				
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	**आषाढ महिनाको खर्च**
पुँजीगत खर्चतर्फ	२५६३१८	९९०४	२३७९९	४५५९२	१७७०२३	१०७६५७
प्रतिशत	१००	३.८६	९.२८	१७.७९	६९.०६	४२.००

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२५६३१८०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा ३.८६ प्रतिशत, दोस्रो त्रैमासिकमा ९.२८ प्रतिशत, तेस्रो त्रैमासिकमा १७.७९ प्रतिशत र चौथो त्रैमासिकमा ६९.०६प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र ४२.०० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

५ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले ई-हाजिरी सम्बन्धी सफ्टवेयर खरिद गरी रु. ४४२४७८।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

६ संगठन तथा कर्मचारी व्यवस्थापन-

६.१

प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन समूहका सहायक चौथो तथा पाँचौ सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

६.२ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत पालिकाका २१ कर्मचारीको रु.१४३५१७८५।- खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६.३ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानुन तथा ऐन बनाई १७ जना प्राविधिक कर्मचारीहरुलाई रु.३०१२२१६।- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

७ **आर्थिक सहायता र अन्य विविध खर्च**-

७.१ **विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.१३१०५००।- खर्च गरेको छ।

७.२ **आर्थिक सहायता-** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३० व्यक्तिहरुलाई रु.४९३०००।- आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१५२७७५९२१।- को ०.३२ प्रतिशत हुन आउँछ।

७.३ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट दर्ता भएको तर सबैको विवरण अद्यावधिक नभएको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

८ **अनुदानको अनुगमन** -

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि तर्फ रु.२२४०११९ र पशु तर्फ रु.६८७३८०० गरी रु.९११३९१९ अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

९ कानून निर्माण एवं कार्यान्वयन-

९.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म २५ वटा ऐन, ६ वटा नियमावली, ४१ कार्यविधि लगायत ७२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ७२ वटा कानूनहरु निर्माण गरी सभा/ कार्यपालिकाबाट स्वीकृत गरी सबै कानून राजपत्रमा प्रकाशन गरेको छ।

९.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको १४ गरी कुल २१ विवाद दर्ता भएकोमा ८ वटा मात्र फर्स्यौट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१० खरिद तथा कन्टिन्जेन्सी अभिलेख-

१०.१ **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। कार्यालयले आ.व २०८१।०८२ मा कन्टीन्जेन्सी बापत रु.४८२९४१७।- खर्च गरेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन।

१०.२ **वार्षिक खरिद योजना/ गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२४७२९०३७२ पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

११ मसलन्द तथा कार्यालय सामाग्री खरिद -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,०९०,१८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

१२ खेलकुद कार्यक्रम -

सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित बिषय यकिन नगरी खेलकुद संचालन गर्ने संस्था तथा व्यक्तिबाट कार्यक्रमको लागत अनुमान तयार नगरी, कार्यक्रम सञ्चालनको अख्तियारी नदिएको कार्यक्रमलाई विल तथा भरपाइको आधारमा भुक्तानी दिएको देखिन्छ। पालिकाले खेलकुद कार्यक्रम तर्फ रु.३७५०००० विनियोजन भएकोमा रु.२५९०३७५ खर्च गरेको देखिन्छ। पालिकाले खेलकुद कार्यक्रमको भुक्तानी दिँदा सार्वजनिक खरिद ऐन नियमको पालना हुने गरी लागत अनुमान तयार भएको कार्यक्रम सञ्चालनको अख्तियारी दिएका कार्यक्रमको मात्र भुक्तानी गर्नुपर्दछ।

१३ **सूचना प्रकाशन खर्च** -

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने ब्यवस्था छ।त्यसैगरी विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ ।साथै विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क. मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण बापतको रकम सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको विल वमोजिम नियम ५ख. बमोजिमको दररेटको आधारमा गर्नु पर्ने व्यवस्था रहेको छ। तर पालिकाले पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्चको लागि रु.१५००००० विनियोजन गरी रु.१४९३९०२ खर्च भएकोमा उल्लेखित प्रावधानको परिपालना गर्नुपर्दछ।

१४ **वृत्तचित्र निर्माण** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजा तसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। पालिकाले गो.भौ.नं. ६८९-२०८२/३/२३ बाट इन्द्रेणी सञ्चार प्रालिलाई बृतचित्र निर्माण वापत रु.२९८३२० भुक्तानी दिएको देखिन्छ ।गत वर्ष समेत सोही संस्थाले वृत्तचित्र निर्माण गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित बिषय यकिन नगरी सम्झौता गरेको देखिन्छ। पालिकाले निर्माण गरेको वृत्तचित्र सार्वजनिक नगरेको तथा पाम्स प्रणालीमा दाखिला गरेको देखिएन। पालिकाले सम्झौता गर्दा सार्वजनिक खरिद नियमावलीमा भएका प्रावधानको पालना गर्नुपर्दछ साथै कानून बमोजिम उत्पादन तथा प्रसारण भएको सामाग्रीको कार्यालयमा अभिलेख राख्नुपर्दछ।

१५ **शून्य प्रगति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को उपदफा १ मा उपाध्यक्ष/उप प्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था रहेको छ। यसले आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेटको अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने लगायतको विषय उल्लेख भएको छ।पालिकाबाट बजेट तर्जुमा गर्दा पालिकाको आवश्यकता तथा खर्च गर्न सक्ने क्षमताको आधारमा आधारमा बजेट निर्माण गर्नुपर्नेमा पालिकाले १३२ वटा

कार्यक्रम/आयोजना/क्रियाकलापमा रु.४३४१५००० बजेट विनियोजन गरेकोमा कार्यक्रम खर्च भएको पाइएन। पालिकाले बजेट तर्जुमा गर्दा खर्च गर्ने क्षमताको आंकलन गरी विनियोजन गर्नुपर्दछ।

१६ **बैठक भत्ता** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१५** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१७ **बैठक भत्ता** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१८ **वहाल कर** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१९ **बालविकास सहजकर्ता** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **१,८८१,४९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

२० **राजस्व व्यवस्थापन** -

२०.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२३१५६३३५०।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु.१५२७७५९२१।- अर्थात अनुमान भन्दा ३४.०२ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ थप पहल गर्नुपर्दछ।

२०.२ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३४२५५७०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२०.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४६९२८९७८०	१५२७७५९२१	३२.५५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३२.५५ प्रतिशत रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१ राजश्व बाँडफाँट

स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नगरपालिकाले विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(४) मा आर्थिक वर्ष २०८१।८२ मा प्रदेश भित्रको ढुङ्गा गिट्टी बालुवाको राजश्व असुल गरी विभाज्यकोषमा दाखिला गरी स्थानीय संचितकोषमा साठी प्रतिशत तथा प्रदेश संचितकोषमा चालिस प्रतिशत दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।यसरी कानुनमा भिन्नता देखिएकोले यक्त राजश्व बाँडफाँडमा अन्यौलता देखिएको छ । यस पालिकाले यस वर्ष उक्त स्रोतबाट अमानतबाट रु. १६४२०३०८।०० र आय ठेक्काबाट रु.७३२३४१३८।३१ समेत रु. ८९६५४४४६।१६ (मूल्य अभिवृद्धि करबाहेक) आम्दानी गरेको छ ।

२२ मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको विक्रि गर्दा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्रि गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने र अनुसूची खण्डमा समावेश विवरण अनुसार आय ठेक्का लगाउँदा देहायबमोजिम असुल गरिएको मूल्य अभिवृद्धि राजश्व शीर्षक ३३३१७ मा दाखिला गर्नुपर्नेमा वस्तु बिक्रि वितरण शिर्षक ३३३१३ मा जम्मा गरेको छ । तोकिएबमोजिम राजश्व शिर्षक ३३३१७ मा राजश्व मिलान गरेको प्रमाण पेश गर्नुपर्दछ ।

किस्ता	प्राप्त मिति	बिक्री मूल्य	मूल्य अभिवृद्धि कर असुली	मूल्य अभिवृद्धि कर दाखिला मिति	दाखिला भएको राजश्व शिर्षक
प्रथम	२०८१।०८।२०	१८४४९६९१।००	२३९८४६०।००	२०८१।०९।१४	३३३१३
दोस्रो	२०८१।११।२८	२९१५२४९८।७५	३७८९८२४।८४	२०८१।१२।२१	३३३१३
तेस्रो	२०८२।०२।३०	२५६३१९४८।४१	३३३२१५३।३९	२०८२।०३।२५	३३३१३
अमानतबाट	विभिन्न समयमा	१६४२०३०८।००	२१३४६४०।००	२०८१।०९।१४	३३३१३
जम्मा		**८९६५४४४६।१६**	**११६५५०७८।२३**		

२३ **आय ठेक्का -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को (१,२,६) समेतमाभएको व्यवस्था, संघ तथा बागमती प्रदेश सरकारको प्रचलित ऐन, कार्यविधी तथा मापदण्ड र इन्द्रावती गाउँपालिकाको आन्तरिक आय संकलन कार्यविधी, २०७५ संशोधन सहितको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१।८२ को आय संकलन (ढुंगा, गिट्टी, बालुवा लगायत नदी जन्य पदार्थ उत्खनन् संकलन, निकासी कार्य) का लागी पालिका र सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.सँग मिति २०८१।०८।२० मा कर संकलनको बोलपत्र स्विकृत गरी ठेक्कामा उल्लेख भएको परिमाण १,२१,७९,०५८।८९ घन फिटको कबोल अंक ८,५३,०३,३३३।– र सोमा १३% मूल्य अभिबृद्धि कर रु.१,१०,८९,४३३।२९ समेत रु. ९,६३,९२,७६६।२९ मा सम्झौता भएको छ । यस सम्बन्धमा निम्नानुसार व्योहोरहरु देखिएका छन् ।

२३.१ इन्द्रावती गाउँपालिका प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी २०७७ को दफा ४ को उपदफा ६ बमोजिम नदीजन्य पदार्थको उत्खनन्, संकलन, विक्री तथा व्यवस्थापन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण गर्ने कार्यका लागि एक्सपर्ट पोइन्ट एण्ड रिसर्च सेन्टर नयाँबानेश्वरलाई टि ओ आर तोकिएकोमा पेश भएको आइइ प्रतिवेदन २०८१।०१।२४ स्विकृत भएको छ । आइइ प्रतिवेदनको आधारमा कोअर्डिनेट प्वाइन्ट उत्खनन्/संकलन क्षेत्रको नाम र ठेगाना, अवस्थिति, वार्षिक उत्खनन/संकलन योग्य परिमाण, वार्षिक र दैनिक उत्खनन्÷संकलन गर्न सकिने देहाय वमोजिम परिमाण उल्लेख भएको र सोही बमोजिम देहाय अनुसार १,५०,३३,८०९।९५ घनफिटको प्रति घनफिट रु.९।– का दरले न्यूनतम रकम मु.अ.कर समेत रु.१५,२८,९३,८४७।२० कायम गरी मिति २०८१।०२।०१ मा सूचना प्रकाशन भएको देखियो ।

क्र स	कोओर्डिनेट		उत्खनन . संकलन क्षेत्रको नाम	अवस्थित वडा नं	वार्षिक उत्खनन संकलन योग्य परिमाण घ मी	वार्षिक उत्खनन् परिमाण घ मी	दैनिक उत्खनन संकलन परिमाण घमी
	उत्तरी अंक्षाश	पूर्वी देशान्तर					
१	27°45'0.90"	85°36'11.14"	आँपटार बगर	१२	२८०८०	१६८४८	७०.२
२	27°47'16.77"	85°34'28.0"	कोइरालाटार बगर	५	३०४५०	१८२७०	७६.१३
३	27°45'42.83"	85°35'43.06"	बँदेली बगर	६, ७ र १२ को सिमाना	६४८००	३८८८०	१६२.
४	27°45'27.30"	85°36'30.82"	भिमटार बगर	१२	५७३७५	३४४२५	१४३.४४
५	27°45'36.65"	85°38'30.26"	lj;b]p6f/ विसदेउटार	११	५७९१५	३४७४९	१४४.७९
६	27°45'35.0"	85°35'50.09"	ढोटार बगर	१२	४९२४८	२९५४९	१२३.१२
७	27°45'51.64"	85°35'24.5"	धुसेनी बगर	१२	६२३२२	३७३९३	१५५.८१
८	27°45'10.50"	85°38'45.45"	होम्स्टे दोभान बगर	५	५३८७४	३२३२४	१३४.६९
९	27°45'30.45"	85°34'58.90"	/ माझिटार बगर	११	७५६००	४५३६०	१८९.
१०	27°45'35.63"	85°37'40.55"	न्यौपानेटार बगर	५	९५५५०	५७३३०	२३८.८८
११	27°45'50.91"	85°34'35.12"	ओडारे बगर	११	७६८६०	४६११६	१९२.१५
१२	27°45'42.32"	85°30'22.57"	सिस्नेखोला दोभान बगर	११ र १२	५८१४०	३४८८४	१४५.३५
	जम्मा				७१०२१४	४२६१२८	१७७५.५४
	स्वीकृत परिमाण घनफिटमा					१५०३३८१०	
	दर					९	
	भ्याट वाहेक					१३५३०४२९०	
	भ्याट समेत					१५२८९३८४७	

उपरोक्त तालिकामा उल्लेखित पालिका क्षेत्र भित्र पर्ने इन्द्रवती नदी किनारामा रहेका स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनले निर्धारण गरेका विभिन्न १२ स्थानबाट आ.ब. २०८१।८२ मा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको संकलन र विक्री गर्न सक्ने भनि निर्धारण गरेको कूल परिमाण १,५०,३३,८०९.९५ घन फिट नदीजन्य पदार्थको प्रतिघन फिट रु. ९।– का दरले मु.अ.कर समेत गरी रु. १५,२८,९३,८४७।१९ ठेक्का अंक कायम गरी मिति २०८१।०२।०१ मा ३० दिनको अवधी राखी नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक, दोस्रो पटक मिति २०८१।०२।०३ मा १५ को अवधी राखी सोही अंक र परिमाणमा बोलपत्र सूचना आव्हान गरेको कुनै पनि बोलपत्र पेश नभएको र सोही समयमा बागमती प्रदेश सरकारले आर्थिक ऐन २०८१ मार्फत आ.ब. २०८१।८२ को लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्रामेल (स्वीकृत खानी क्षेत्र बाहेकमा) को बिक्रिदर रु. ९।– बाट घटाई प्रति घन फिट रु. ७।– कायम गरेको हुँदा कार्यपालिका मिति २०८१।०३।२६ को निर्णय अनुसार सोही परिमाण र प्रति घन फिट रु. ७।– कायम गरी तेस्रो पटक २०८१।०४।०४ मा ३० दिनको, चौथो पटक मिति २०८१।०५।०६ मा पाँचौं पटक मिति २०८१।०५।२३ मा ठेक्का आव्हान गरेकोमा कुनै बोलपत्र पेश नभएको देखियो । परिमाण घटाई १३५३७४५।८५ घना फिट कायम गरी छैठौं पटक २०८१।०६।१६ मा १५ दिनको अवधी राखी र सातौं पटक सोही परिमाण कायम गरी मिति २०८१।०७।०२ गते ठेक्का आव्हान गरेकोमा समेत कुनै बोलपत्र पेश नभएको कारण २०८१।०७।१३ मा परिमाण घटाई १,२१,७९,०५८.८९ घनफिट कायम नदीजन्य पदार्थको प्रति घनफिट रु. ७।– का दरले मु.अ.कर बाहेक रु. ८,५२,५३,४१२।२८ ठेक्का अंक कायम गरी इविडिङ्ग मार्फत आठौं पटक सूचना प्रकाशन गर्दा समेत कुनै पनि बोलपत्र पेश भएको देखिएन ।

आठौ पटकको बोलपत्र आव्हान गर्दा समेत बोलपत्र पेश हुन नआएको कारण पुनः नवौं पटक २०८१।०७।२९ मा अन्नपूर्ण राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरेकोमा एक मात्र बोलपत्रदाता सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. का.म.न.पा. १४, बल्खुको बोलपत्र मूल्याङ्कनमा सारमूत रुपमा प्रभावग्राही देखिएको ठेक्का कवोल अंक रु. ८,५३,०३,३३३।– (मु.अ.कर बाहेक) स्वीकृत भएको देखिन्छ ।

सम्झौता बमोजिम ठेक्का अवधी २०८१।०६।०१ देखि २०८२।०३।३१ सम्म ठेक्का अंक ९,६३,९२,७६६।२९ (मु.अ.कर समेत) लाई ठेक्का रकम कायम गरिएको छ । २०८१।०६।०१ देखि ठेक्का सम्झौतामा उल्लेख भएका क्षेत्रहरुबाट २०८१।०८।२० गतेसम्म अमानताबाट उत्खनन भएको परिमाण १७,२४,१७०।६७ घनफीट र सो बापत संकलन भएको रकम १,३६,३८,१९०।– (मु.अ.कर सहित) घटाई खुद १,०४,५४,८८८।२२ घनफिट र सो बापत रकम रु. ८,२७,५४,५७६।२९ बुझाउने गरी सम्झौतामा उल्लेख गरिएको आधारमा ठेक्का बन्दोबस्त गरिएको छ ।

२३.२ **परिमाण घटाई ठेक्का**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१७** को निर्णयले रू **२,८२३,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२३.३ **वर्षान्तको घाटगद्दी मौज्दात**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२६४,२४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२४ **उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य**

२४.१ **प्राविधिक बिल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिहरुबाट सञ्चालित कतिपय योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुका साथै नापी र कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

२४.२ **उपभोक्ता समितिबाट भएको कार्यको लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स तथा दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेका योजनाहरूमा लागत अनुमान तयार गर्ने र सोही अनुसार नापी तथा कार्यसम्पन्न तयार गर्ने गरेको देखिन्छ । हालसम्म पालिकाले निर्माणतर्फ आफ्नो छुट्टै दररेट स्वीकृत गरेको छैन । पालिका अन्तर्गत गरिने निर्माण कार्यमा सडक र भवन विभागको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने गरेको छ । जसको कारण स्थानीय बजारमा न्यूनतम दरमा पाइने सामाग्रीको समेत उच्चदर राखि लागत अनुमान तयार हुने गरेको छ । पालिकाले समानुकुल र स्थानीय बजार दर समेतलाई ध्यानमा राखि आफ्नै स्थानीय दररेट स्वीकृत गरी मितव्ययी तरीकाले निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ।

२४.३ **आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिका कार्यालयबाट सञ्चाचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् संचालन भएका आयोजनाहरु सम्पन्न भइसके पश्चात् समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि संचालन गरिएका योजनाहरु सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत तोकी हस्तान्तरण गर्ने गरेको पाइएन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

२४.४ **नापी किताव** - निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं.५०३ महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको विवरण र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको विस्तृत अभिलेख सहित नापी किताब नराखि लुज सिटमा रनिङ्ग बिल वाइज नापी पेश गर्ने गरेको देखियो। पालिकाले बिल वाइज पेश भएको नापीमा अघिल्लो बिलसम्मको काम भनि उल्लेख गरेको कामको परीमाण र रकमलाई थप विश्लेषण र भिडान गर्न सकिने गरि नापी किताब अद्यावधिक गर्नुपर्दछ।

२४.५ **जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो.भौ.नं., मिति	विवरण	भुक्तानी रु.
३६४-०८२।३।२३	वडा नं७ लिफ्ट सिचाइ पम्प	४७९६११
३२१-०८२।३।१९	पोखरे खोला ऐतिहासिक सिढी तथा क्रियापत्री भवन	६४७२४५
३११-०८२।३।१८	सच्चाइ सेवा भवन निर्माण	४७१०५१
२८४-०८२।३।१६	पाडामरुवा अधुरो सामुदायिक भवन	४६३७५४
२५०-२०८२।३।१२	दलित टोल सामुदायिक भवन	८६४०००
१२८-२०८१।१२।५	महिला समुह भवन	२७४५९५

२४.६ **टोल विकास संस्था मार्फत कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सीमित प्रतिस्पर्धा हुने गरी सोझै खरिद गर्न नहुने, रु.१० लाख भन्दा बढी रु.२० लाखसम्म खरिद वा निर्माण कार्य सिलबन्दी दरभाउपत्रको माध्ययमबाट गर्न सकिने र सो भन्दा वढीको कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा टोल विकास संस्था मार्फत कार्य गराउन सक्ने व्यवस्था रहेको देखिदैँन। पालिकाले टोल विकास संस्थामार्फत देहाय बमोजिम निर्माण कार्य गराई रु.८४६९८४२ भुक्तानी गरेको छ। प्रतिस्पर्धाविना टोल विकास संस्थामार्फत एक भन्दा धेरै योजना निर्माण गरी भुक्तानी दिएको देखियो। नियमावलीको उल्लेखित व्यवस्था बमोजिम दरभाउपत्र वा बोलपत्रको माध्यमद्धार नगराई टोल विकास संस्थामार्फत निर्माण कार्य गराएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं., मिति	विवरण	संस्थाको नाम	भुक्तानी रु.
१०२-०८१।११।१३	बाखोर अर्चले सालघारी सडक	सिपाधुसेनी टोल विकास संस्था	१३३९७४०
३७४-०८२।३।२३	आधारभूत स्वास्थ्य ईकाइ घेरावार निर्माण	सिपाधुसेनी टोल विकास संस्था	१९२०००
११८-०८१।११।२३	थुम्का टोल पहिरो नियन्त्रण	सिपाधुसेनी टोल विकास संस्था	६१७७२३
१७९-०८२।१।२३	धारापानीटोल रेलिङबार निर्माण	सिपाधुसेनी टोल विकास संस्था	१९२०००
३७५-०८२।३।२३	नयाँपानी क्षेत्रमा डिपिआर अनुसार मैदान निर्माण	सिपाधुसेनी टोल विकास संस्था	९५९३४६
३८१-०८२।३।२३	भैपर आउने पुँजिगत	सिपाधुसेनीटोलविकास संस्था	१९६०७२
१८१-०८२।१।२३	भुलभुले सिचाइ योजना	सुर्यकोट टोल विकास संस्था	१०५५७५३
१०५-०८१।११।२३	मुलबाटो देखी वडा कार्यालय सम्म जाने बाटो ढलान	नमोबुद्ध नारायण थान टोल विकास संस्था	४७३४१२
१०५।२०८२।३।६	लाफि सिरानघर बाखोर सडक	नमोबुद्ध नारायण थान टोल विकास संस्था	९५३००९
३५९।२०८२।३।२३	गाउँपालिका केन्द्र जोड्ने सवैभन्दा छोटो दुरिको बाहनेपानटि प्युघर ऐशेलुखर्क सडक मर्मत	नमोबुद्ध नारायण थान टोल विकास संस्था	१३७२६६२
३६२।२०८२।३।२३	नारायण स्थान झाँक्रिटोल सामुदायिक भवन	नमोबुद्ध नारायण थान टोल विकास संस्था	९३३१९७
३८०।२०८२।३।२३	माङचेधारा खानेपानी आयोजना निर्माण	नमोबुद्ध नारायण थान टोल विकास संस्था	१८४९२८
जम्मा			**८४६९८४२**

अनियमित भएको	८४,६९,८४२

२४.७ **फरक दररेट प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्स एवं जिल्ला दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता मार्फत निर्माण कार्य गर्दा दररेट विश्लेषण गर्दा निम्नानुसारका कार्यमा बढी दर कायम गरेको देखियो। दररेट विश्लेषण(Rate Analysis) भन्दा बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

क्र.स	भौ.नं.	उपभोक्ता समिति	काम	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	परिमाण	रकम
१	१२४-०८१।१२।१	सिखरबारी मोटरबाटो निर्माण	म्यानुअल माध्यमबाट माटो कटिङ	६९.०६	१६७.७६	८१.३०	८०२४
२	२७४-२०८२।३।१४	नौविसे पाङ्ग्रेखेत कुलो मर्मत योजना उ स	म्यानुअल माध्यमबाट माटो कटिङ	६२६.५०	८४१	२०.६०	४४१९
जम्मा							**१२४४३**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **८,२४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१२,४४३

२४.८ **उपभोक्ता समितिबाट हस्तान्तरण गर्न नमिल्ने कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिबाट निर्माण गर्नुपर्ने र आफ्नै स्वामित्वमा राख्नुपर्ने वडा कार्यालय भवन व्यवस्थापनको कार्य उपभोक्ता समिति मार्फत् गराई रु.१९१९९७ भुक्तानी गरेको पाइयो। उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्दछ।

२४.९ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ। सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौतारु.२१३३६० मा गरेकोमा निर्माण व्यवसायी गणेश निर्माण सेवालेरु.२२०१०० को विल पेश गरेको देखिन्छ। पालिकाले उपभोक्ता समितिलाई निर्माण कार्यको लागि रु.१८६०५९ भुक्तानी गरेको छ।वडा कार्यालयको वाटो सरसफाइ कार्यका लागि पालिकाबाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी भएको देखियो। उपभोक्ता समितिले निर्माण व्यवसायीमार्फत कार्य गराएको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,८६,०५९

२४.१० **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१५** को निर्णयले रू **११,९१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२५ **विदाको समयको बैठक भत्ता भुक्तानी** -

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **२४,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२६ **इ हाजिरी सफ्टवेयर खरिद -**

सरकारी निकाय सञ्चालन सम्बन्धी एकीकृत विद्युतिय प्रणाली निर्देशिका २०७८ को दफा ४ मा कुनै सरकारी निकायले आफुले सम्पादन गर्ने कार्यहरुलाई एकीकृत रुपमा सम्पन्न गर्नको लागि दफा ३ बमोजिमको प्रणालीमा आवद्ध हुनको लागि सुचना तथा प्रसारण विभागमा अनुरोध गर्नसक्ने र विभागले निवेदन प्राप्त भएपछी प्रणाली आवद्ध गर्ने व्यवस्था रहेकोमा पालिकाले आवश्यक प्रकृया पुरा नगरी पालिकाले यस भन्दा अगाडी प्रयोगमा ल्याएको इहाजिरी प्रणाली नविकरण तथा नेपाल सरकारले निशुल्क उपलब्ध गराउने विद्युतिय प्रणालीको प्रयोगतर्फ आवश्यक पहल नगरी गो भौ नै ४५० मिति २०८२/१/२८ बाट सेवा कम्प्युटर सेन्टरबाट विल नं १४९ बमोजिम सफ्टवयर र इहाजिरी मेसिन खरिद गरी रु ८५०००० भुक्तानी गरेको देखियो। पालिकाले खरिद तथा प्रयोग गरेको सफ्टवयरको सम्बन्धमा सुचना प्रविधि विभागबाट आवद्धताको सुनिश्चितता गराउनुपर्दछ ।

२७ **प्रदेश विशेष अनुदान -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही गर्न नहुने व्यवस्था छ। पालिकाले वागमति प्रदेश विशेष अनुदानमा खानेपानी योजनाका लागि रु.८० लाख विनियोजन भएकोमा रु.८९५६३४५ को लागत अनुमान तयार गरी बोलपत्र गरेकोमा नारायणथान निर्माण सेवा प्रा.लि ले रु.५८४६७३५ मा सम्झौता स्वीकृत भएको देखिन्छ। खानेपानी योजनाका लागि २०८१।१२।१४ मा सम्झौता भइ २०८२।३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण अवधिको म्याद समाप्त भएको अवस्थामा रु.२५४५२४७ भुक्तानी भएको छ।निर्माण कार्यमा विवाद सिर्जना भइ खानेपानी योजना सम्पन्न भएको देखिएन। निर्माण कार्यको पूर्व तयारी गरी वोलपत्र गर्नुपर्दछ।

२८ **भेरियसन -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका निर्माण कार्यको कार्यसम्पन्न गर्दा खरिद सम्झौता तथा खरिद ऐन वमोजिम भेरिएसन आदेश जारी नगरी भुक्तानी भएको देखियो। ऐन तथा खरिद सम्झौता बमोजिम भेरिएसन आदेश स्वीकृत गरी भुक्तानी गर्नुपर्दछ।

क्र.स	निर्माण कार्य	काम	बि ओ क्यू	भएको	फरक	दर	रकम
१	आपँटार डुमिनडाँडा देउराली गहते सडक	Cement concrete M10(1:3:6)	१९.२९	४५.६०	२६.३१	९५००	२४९९४५
		Excavation for structure	२२८.४४	६२८.६१	४००.१७	९०	३६०१५
		Dry Stone soling	४०.२४	१०२.३६	६२.१२	१५००	९३१७८
२	नवलपूर अस्पताल भवन	Stone soling	४०.६६	१६.८६		३५००	१३०९७७
		Cement Concrete	३४.९७	४८.८८		९०००	२४२६१८
		जम्मा					**७५२७३३**

२९ **पाइप खरिद -**

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **१२८,६९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३० **मू. अ. कर भुक्तानी -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१५** को निर्णयले रू **७,२०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३१ **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,८१६,४९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

३२ **शीर्षक फरक -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ। पालिकालेनवलपुर माध्यमिक विद्यालयको फर्निचर खरिदका लागि १२ लाख विनियोजन भएकोमा ठेक्का मार्फत रु.८१८१६५ का फर्निचर खरिद गरेको देखिन्छ। विनियोजन बजेटमा बचत रकमबाट विद्यालयका लागि ३०२-०८२।३।१८ मा फर्निचर शिर्षकबाट विद्यालयले इन्भटर खरिदमा रु.३२८८३० भुक्तानी भएको पाइयो। विनियोजित बजेट शिर्षक भन्दा फरक कार्यका लागि भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	३,२८,८३०

३३ **जिन्सी दाखिला -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१२** को निर्णयले रू **२२६,३९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ **विपद् व्यवस्थापन -**

गाउँ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७५(पहिलो संसोधन २०७९) को परिच्छेद २ को दफा ३ मा गाउँ विपद व्यवस्थापन समिति रहने, दफा २४(१) मा समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामार्फत गाउँसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने, उपदफा (२) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष चट्याङबाट भएको क्षति, आगलागि, हावाहुरी, बाढी पहिरो पीडितका लागि जोखिम न्यूनीकरण गर्ने कार्यका लागि गाउँ विपद व्यवस्थापन समितिको निर्णय बमोजिम ९६ जनालाई रु.४४६५४८७।०० आर्थिक सहायता भुक्तानी गरेकोमा ऐनमा उल्लिखित व्यवस्था बमोजिम लाभग्राहीको नाम र रकम सार्वजनिकीकरण गर्नुपर्दछ।

३५ **सडक बोर्ड नेपाल**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३६ शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षा नियमावली २०५९ को नियम ९२ मा मन्त्रालयको स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची १२ बमोजिम हुनुपर्ने कुरा उल्लेख छ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालय सङ्ख्या	शिक्षक दरबन्दी सङ्ख्या	पदपूर्ती	पदपूर्तीमध्ये			विद्यार्थी संख्या
				स्थायी	राहत	करार	
१	३८	२५२	२५२	१६०	८४	८	४८०६

उल्लिखित विवरणअनुसार पालिकामा ३८ वटा विद्यालयमा २५२ शिक्षक दरबन्दी स्वीकृत गरेकोमा १६० स्थायी ८४ राहत र ८ करारमा नियुक्ति गरिएको छ।

३७ प्रतिव्यक्ति लागत र शैक्षिक गुणस्तर

प्रतिव्यक्ति लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहायअनुसार रहेको छ

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
संघीय सरकार-सशर्त	२११५२२०००	१९२२६९०००	४८०६	४६०८३
प्रदेश सरकार	१७०४०००	१७०४०००		
स्थानीय सरकार	३,६१००००	२८०५६०००		
जम्मा	२४९३२६०००	२२२०२९०००	४८०६	४६०८३

शैक्षिक गुणस्तर

यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१सालको एस. ई. ई. परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको नतिजा देहायबमोजिम रहेको छ

एस.ई.ई. परीक्षामा सहभागी जम्मा विद्यार्थी संख्या	उतीर्ण विद्यार्थी सङ्ख्या	उतीर्ण प्रतिशत	जी.पी.ए.को अवस्था	
			जी.पी.ए.	विद्यार्थी संख्या
२६४	१७१	६४.७७	३.६१-४.००(A+)	२
			३.२१-३.६०(A)	१६९

माथिको तालिकाहरु अध्ययन गर्दा यस पालिकाअन्तर्गत विद्यालयका प्रतिविद्यार्थी लागत वार्षिक रु.४६०८३।०० रहेको देखिन्छ भने शैक्षिक गुणस्तरतर्फ हेर्दा एस.ई.ई. परीक्षामा सामुदायिक विद्यालयतर्फ २६४ जना एस.ई.ई. परीक्षामा सहभागी भएकोमा १७१ जनामात्र (६४.७७ प्रतिशत) उतीर्ण भएको देखिन्छ । सोमध्ये ३.६१-४.००(A+) जि.पि.ए. ल्याएर उतीर्ण हुने २ जना छन भने ३.२१-३.६०(A) जि.पि.ए. ल्याएर उतीर्ण हुने १६९ जना मात्र छन।

३८ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । साथै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय

कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार ४१ विद्यालयमध्ये १० विद्यालयको यो वर्षको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

क्रस	विद्यालयको नाम	शिक्षक दरबन्दी संख्या	पदपुर्ति संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्रीसिपातिनघरे सं. मा.बि.	१५	१५	१०७	१:०८
२	भुवनेश्वरी आवि	२	२	१७	१:०९
३	श्री सिपातिनधारा जनता मा.बि.	१२	१२	१३९	१:१२
४	श्री पञ्चकन्या आ.बि.	६	६	६७	१:१२
५	श्री सुर्यकिरण आ.बि.	४	४	४९	१:१२
६	श्री सरस्वती आ.बि.कुञ्चोक	२	२	५३	१:२७
७	श्री ढोटार आ.बि.	४	४	१०९	१:२८
८	श्री नवलपुर मा.वि.	१२	१२	३३७	१:२८
९	श्री ईन्द्रावती आ.बि.	४	४	११३	१:२९
१०	श्रीभिमेश्वरी मा.बि.	१४	१४	४७५	१:३४

उल्लिखित विवरण अनुसार पालिकामा कुल शिक्षक संख्या २५२ जना रहेकोमा विद्यार्थी संख्या ४८०६ रहेको छ । पालिकाका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:०८ देखि अधिकतम १:३४ रहेको छ भने ३८ वटा विद्यालयलको औषत शिक्षक विद्यार्थी अनुपात १:१९ रहेको छ । पालिकाले यस आर्थिक वर्षमा विद्यालय मर्जरको कार्य आंशिक रुपमा गरेको छ।सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्दछ ।

३९ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यो वर्ष ३८ सामुदायिक विद्यालयहरुलाई ७५ प्रतिशत हुने रकम पहिलो किस्ता र नपुगसमेत रु.२८४०९४५।०० निकासा दिएकोमा कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लिखित व्यवस्था बमोजिम विद्यार्थी संख्या, विषयगत र कक्षागत पाठ्यपुस्तकको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको देखिएन। विद्यालयहरुले पेस गरेको पाठ्यपुस्तक खरिदको बिलबमोजिम शिक्षा शाखाबाट सिफारिस गरेको आधारमा निकासा दिइएको छ।सत्यापन नगरी रकम निकासा गरेकोमा विद्यार्थी संख्या, कक्षागत र विषयगत विवरणको आधारमा पाठ्यपुस्तक रकम निकासा गरिएको यथार्थ छ भनी आश्वस्त हुन सकिएन। पाठ्यपुस्तक रकम निकासा गर्दा कार्यविधिको परिपालना हुनुपर्दछ। विद्यालयहरुमा सबै विद्यार्थीहरुले पाठ्यपुस्तक पाएको नपाएको सम्बन्धमा अनुगमन गरी सबै विद्यार्थीहरुले पाठ्यपुस्तक पाएको सुनिश्चित भएको प्रतिवेदन पेश गर्नुपर्दछ।

४० **दिवा खाजा**

वित्तीय हस्तान्तरण मार्फत् सशर्त अनुदानमा प्राप्त रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्दछ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८१।८२ क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ५ सम्मका विद्यर्थीको लागि दिवा खाजा सम्बन्धी व्यवस्था छ। दिवा खाजा वापतको अनुदान निकासा गर्दा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने, स्थानीय तहले दिवा खाजा

उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तथा यसरी तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र निकासा दिनुपर्ने व्यवस्था छ। विद्यालयहरुले IEMIS तथ्यांकलाई आधार मानी शत प्रतिशत विद्यार्थीको हाजिरी विवरण पेश गरेकोमा पालिकाले सो तथ्यांकको सत्यापन नगरी यो वर्ष ३८ विद्यालयहरुलाई पालिका थप समेत गरी दिवा खाजा बापत रु. ६३,३८,७३९।- निकासा गरेको पाइयो । अतः IEMIS तथ्यांक तथा यथार्थ विद्यार्थी संख्याको सत्यापन गराएर मात्र यस्तो रकम निकासा गर्ने व्यवस्था हुनुपर्दछ।

४१ सेनीटरी प्याड

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८१।०८२ को क्रियाकलाप नं.२.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार गर्नुपर्ने, वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउने तथा स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउनुपर्ने व्यवस्था छ । सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।

पालिकाले EMIS को आधारमा कक्षा ६-१२ सम्मका १२७६ जना छात्राहरुको लागि पालिकाले प्रति प्याकेट भ्याटसहित रु.३५।३५ मा २८४५७ थान(३५५७ प्याकेट) प्याड खरिद गरी त्येति नै थान वितरण गरेको देखियो । प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको सम्बन्धमा अनुगमन गरी प्रतिवदेन लिएको देखिएन ।

४२ विज्ञान प्रयोगशाला, पुस्तकालय तथा आइ सी टी ल्याव व्यवस्थापन

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व २०८१।०८२ को क्रियाकलाप नं. २.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर र सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा आइ सी टी ल्याव व्यवस्थापन लागि विद्यालयहरुको छनौट गरी विद्यालयलाई प्रति विद्यालय रु. ६५००००।०० का दरले अनुदान दिने व्यवस्था छ। पालिकाको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार श्री नवलपुर माध्यमिक विद्यालयलाई विज्ञान प्रयोशालाबापत रु. ६५००००।००, श्री भिमेश्वरी माध्यमिक विद्यालयलाई आइ. सी. टी. ल्याव व्यवस्थापनबापत रु. ६५००००।०० र श्री सरस्वती आधारभूत विद्यालयलाई पुस्तकालय व्यवस्थापनबापत रु. ६५००००।०० रकम निकासा भएको देखिन्छ।यसरी विद्यालयहरुमा विज्ञान प्रयोगशाला, आई. सी. टी. ल्याव व्यवस्थापन र पुस्तकालय व्यवस्थापनका लागि अनुदान भुक्तानी भए अनुसार खरिद गरिएको सामानको अवस्थासम्बन्धमा पालिकाको शिक्षा शाखाबाट अनुगमन गरेको देखिदैन। तसर्थः पालिकाको शिक्षा शाखाबाट विज्ञान प्रयोगशाला, पुस्तकालय तथा आइ सी टी ल्याव सञ्चालन भएको सम्बन्धमा सुनिश्चित हुने अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

४३ बालविकास सहजकर्ता

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित ४४ विद्यालयहरुको बालविकास केन्द्रहरुमा ५२२ विद्यार्थीहरुको लागि ५२ जना बालकविकास सहजकर्ता रहेको पाइयो जसअनुसार बालविकास सहजकर्ता र विद्यार्थी संख्या अनुपात १:१० देखिन्छ। पालिकाअन्तर्गतका २५ जना भन्दा कम विद्यार्थी भएका विद्यालय र एक जनाभन्दा बढी बालविकास सहजकर्ता भएका विद्यालयहरुको अवस्था देहायअनुसार छ ।

इन्द्रावतीगाउँपालिका अन्तरगत सघीय अनुदानमाकार्यरत बालविकास सहजकर्ता विवरण २०८२			
क्र.स.	**विद्यालयकोनाम**	**दरवन्दी सङ्ख्या**	**विद्यार्थी सङ्ख्या**
१	श्रीमहेन्द्र मा.बि.	३	११
२	श्रीकमलादेबि मा.बि.	२	१८
३	श्रीचडेश्वरी मावि	२	११
४	श्रीभिमेश्वरी मा.बि.	२	२०
५	श्रीसिपातिनधारा जनता मा.बि	२	११
६	श्रीचन्द्रावती आ.बि.	२	१२
७	श्रीजलेश्वरी आ.बि.	२	१२
८	श्रीराजेश्वरी मा.बि.	२	१३

पालिकाले विद्यार्थी सङ्ख्याको आधारमा बाल विकास सहजकर्ता राख्नुपर्दछ । विद्यालयमा विद्यार्थीहरु र बालविकास सहजकर्ता समायोजन गरी दरबन्दी मिलान गर्नुपर्दछ ।

४४ सोलार ड्रायर मेसिन

४४.१ सीप विकास तालिम

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१४** को निर्णयले रू **१७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४४.२ दाखिला प्रमाण पेश गर्नुपर्ने

प्रमाण पेश नगरेको	६३,६००

४४.३ पालिकाबाट साझेदारीमा प्राप्त सोलार ड्रायर मेसिनको समूहले जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गरेको देखिएन । पालिकाले यससम्बन्धमा आवश्यक अनुगमन गरी मेसिनको अवस्था र उपयोगको सम्बन्धमा प्रतिवेदन पेस गर्नुपर्दछ ।

४५ दुना टपरी बनाउने मेसिन

४५.१ उद्यम विकास मोडलमा नयाँ उद्यमी सिर्जना

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१५** को निर्णयले रू **६०,३६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४५.२ पालिकाबाट साझेदारीमा प्राप्त दुना टपरी बनाउने मेसिनको समूहले लागत साझेदारीबापत वेहोर्नुपर्ने रकम सम्बन्धित सप्लायर्सलाई भुक्तानी गरिएको भनिए ता पनि सोको प्रमाण पेस हुन सकेन साथै दुना टपरी बनाउने मेसिनको समूहले जिन्सी आम्दानी बाँधेको प्रमाण

देखिएन। पालिकाले यससम्बन्धमा अनुगमन गरी यकिन गरी प्रतिवेदन पेस गर्नुपर्दछ ।

४६ **सूचनाको हक**

राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डौँको प.सं.२०८१।०८२ च.नं. ४४२ को निर्णय कार्यान्वयनसम्बन्धी निर्णयानुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचना हकसम्बन्धि नियमावली,२०६५ बमोजिम नागरिकको सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नेसम्बन्धमा सूचना अधिकारी तोकेको कि नतोकेको, सूचनाको वर्गीकरण अद्यावधिक गरे नगरेको, तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरे नगरेको, वेव साइट भए नभएको र वेवसाइट भएमा नियमित अद्यावधिक हुने गरेको नगरेको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख राखे नराखेको सम्बन्धमा परीक्षण गर्न महालेखा परीक्षकको कार्यालयलाई पत्र लेखिएको छ ।पालिकामा सूचनाको हकको कार्यान्वयनसम्बन्धमा परीक्षण गर्दा सूचना अधिकारी तोकेको, सूचनाको वर्गीकरण अद्यावधिक नगरिएको, वेव साइट भएको र नियमित अद्यावधिक हुने गरिएको, सार्वजनिक निकायसँग माग भएको सूचनाको विवरणको छुट्टै अभिलेख नराखिएको, तीन।तीन महिनामा स्वतः सूचना प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित नगरेको पाइयो ।पालिकाले नागरिकको सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलनमा ल्याउन सूचनाको हकसम्बन्धी ऐन २०६४ र सूचनाको हकसम्बन्धी नियमावली २०६५मा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

४७.१ **रोजगारीको अवस्था-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत सूचीकृत कूल १५०७ जना सूचीकृत बेरोजगार संख्यामध्ये ११ वडामा १३ वटा योजना सञ्चालन गरी यस वर्ष १०३ जनालाई औसत ४३ दिनले ४४२९ दिन रोजगारी उपलव्ध गराई रु.२५४४७८१ श्रमिक ज्याला खर्च गरेको छ ।पालिकाले सूचीकृत बेरोजगारहरुमध्ये ६.८३ प्रतिशतलाई मात्र रोजगारी उपलब्ध गराएको देखिन्छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट १०३ जनालाई मात्र लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएको देखिएकोले धेरै भन्दा धेरैलाई रोजगारी दिने गरी योजना कार्यान्वयन भएको तथा कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ: कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यान्वयन गर्नुपर्दछ।

४७.२ **खर्चको अवस्था-** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (प्रथम संसोधन) को दफा ६८ मा प्राप्त रकम पारिश्रमिकमा मा खर्च गर्ने व्यवस्था छ । त्यस्तै दफा २७ मा अदक्ष कामदारको ज्याला सम्बन्धमा मात्र उल्लेख भएको र दक्ष कामदारको स्पष्ट व्यवस्था नहुँदा साझेदारीमा द्विविधा सिर्जना भएकोले नेपाल सरकारले (माननीय मन्त्रीस्तर)को मिति २०८०।११।०४ गतेको निर्णानुसार दक्ष श्रमिक, निर्माण सामाग्री, हाते औजार र सुरक्षा सामाग्री प्रचलित दररेट बमोजिम स्थानीय श्रोतबाट वेहोर्ने गरी लागत साझेदारी गर्नुपर्ने कुरा उल्लेख छ। पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न २० योजना कार्यान्वयन गरी रु.८४४२१३३ खर्च गरेको छ। उक्त खर्च मध्ये दक्ष श्रमिकमा रु. ५८५३७१, अदक्ष श्रमिकमा रु.२८९९७९८ र सामाग्री खरिदमा रु.४९५७०५४ खर्च गरेको छ। पालिकाले उक्त निर्देशिका तथा परिपत्र बमोजिम दक्ष कामदारको पारिक्षमिक पालिकाले व्यहोनुपर्नेमा कार्यक्रमको तर्फबाट नै व्यहोरेकोले दक्ष कामदारको ज्यालावापत रु.५८५३७१ खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५,८५,३७१

४८ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा१८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सङ्घीय ससर्त हस्तान्तरित अनुदान बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.१२४८०४०।०० को औषधि खरिद गरेको देखिन्छ। औषधिको प्रयोग र मौज्दात यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

गो. भौ. नं.। मिति	सप्लायर्सको नाम	लागत अनुमान	खरिद रु.	खरिद विधि
४०।२०८१।१०।३०	एम स्कवायर मल्टिपर्पोज प्रा.लि.	३४७२०८।००	२९४१५०।००	सोझै खरिद
६७।२०८१।१२।१२	मानसरोवर मेडिकल हेल्थ	४९६५६९।००	४६९४९७।००	सोझै खरिद
९४।२०८२।०२।१३	जय साइबाबा सर्जिकल हाउस प्रा.लि.	४००००००।००	४५०४०२।००	E-Bidding
१२४।२०८२।०३।१७	बासुकी मेडिसिन सप्लायर्स	३४०००।००	३३९९१।००	सोझै खरिद

४९ न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी आर्थिक वर्ष २०८१।८२ को सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरमा गत वर्ष २९ थान र यस वर्ष रु. ९६,०००।- को १०० थान न्यानो झोला खरिद गरेकोमा यस वर्ष ८१ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ४८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तरयुक्त भए नभएको सम्बन्धमा नियमानुसार निरीक्षण/ परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५० औषधी विवरण

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १ वर्ष ६ महिना वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।नमुना छनौट गर्दा औषधीको म्याद सम्बन्धमा देखिएको वेहोरा देहायबमोजिम छन्

औषधीको विवरण	औषधी दाखिला मिति	Expired Date	औषधिको अवधि
Paracetamol Tablets 500mg	2025 May 30	Aug 2026	15 months
Amoxicillin Capsules 500mg	2025 May 30	May 2026	12 months
Amoxicillin for oral system	2025 May 30	Apr 2026	11 months

५१ निःशुल्क उपचार सहायता

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि

उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ३९ जनाको लागि रु.५३१०००।०० खर्च भएको देखिन्छ ।

५२ **सामाजिक सुरक्षा तर्फ** -

५२.१ **भत्ता वितरण**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३, ४ र ५ ले लाभग्राहीको नाम दर्ता, नवीकरण र लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी र अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु.१५४४९२९३२।- वितरण गरेको छ। विभिन्न वर्गका ३९३० लाभग्राहीलाई रकम वितरण गरेको देखिन्छ ।

५२.२ **नागरिकता नम्बर दोहोरो** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १२ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैंक/वित्तीय संस्था बीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। सामाजिक सुरक्षा भत्ता वितरण अभिलेख परीक्षण गर्दा पालिकाले ४० जना लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो देखिने गरी सामाजिक सुरक्षा भत्ता वापत रु.१६५६२१६।- भुक्तानी गरेको छ। नागरिकता नम्बर दोहोरो हुनुका कारण पालिकाबाट यकिन र लाभग्राहीको विवरण अद्यावधिक गरी भत्ता वितरण यथार्थपरक गरिनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक , ईन्द्रावती गाउँपालिका , सिन्धुपाल्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	पूर्ण प्रसाद दुलाल	२०८०-६-२२	२०८२-०१-२४
कार्यालय प्रमुख	मनहरि बराल	२०८२-०२-०४	हाल सम्म कार्यरत
लेखा प्रमुख	भाष्कर पन्त	२०७६-५-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४०१,४७३	१६,३५८,२६८	३,५३२,०७३	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२०,२९१,८१४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१०,६४५,६६९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	९,६४६,१४५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५०५६२८३५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४०४२२३७८०	चालु खर्च	४१४३१९९६६
प्रदेश सरकारबाट अनुदान	६५०६६०००	पूँजीगत खर्च	२४७२९०३७२
राजश्व बाँडफाँट	११५०६४९१०	वित्तीय/अन्य व्यवस्था	१९७०८२९८९
आन्तरिक आय	१५२९९६७२६		
अन्य आय	१६३७३४१००		
कुल आय	९०१०८५५१६	कुल खर्च	८५८६९३३२७
बाँकी मौज्दात		९२९५५०२४	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२					
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	११,९४,४७,३१६.७७	११,९४,४७,३१६.७७	१०,१६,८१,६७९.२९	१०,१६,८१,६७९.२९
१३०००	अनुदान	४३,२७,०८,३०१.२०	४३,२७,०८,३०१.२०	४४,७६,७५,२०३.३६	४४,७६,७५,२०३.३६
१४०००	अन्य राजस्व	१४,६३,५८,४९८.९१	१४,६३,५८,४९८.९१	१३,९१,००,२८२.५१	१३,९१,००,२८२.५१
१५०००	विविध प्राप्ति	२,२७,१९८.००	२,२७,१९८.००	०	०
क	कुल जम्मा प्राप्ति	६९,८७,४१,३१४.८८	६९,८७,४१,३१४.८८	६८,८४,५७,१६५.१६	६८,८४,५७,१६५.१६
३	चालु	४०,६८,४२,९६३.०७	४०,६८,४२,९६३.०७	४२,१४,९०,२१९.३५	४२,१४,९०,२१९.३५
२१०००	पारिश्रमिक / सुविधा	२६,७५,४८,८७५.००	२६,७५,४८,८७५.००	२७,५९,५६,२६२.००	२७,५९,५६,२६२.००
२२०००	मालसामान तथा सेवाको उपयोग	१३,६१,७७,०४७.०७	१३,६१,७७,०४७.०७	१३,७७,५१,०२२.३५	१३,७७,५१,०२२.३५
२५०००	सहायता (Subsidy)	४,३५,१५०.००	४,३५,१५०.००	१२,७२,५२४.००	१२,७२,५२४.००
२७०००	सामाजिक सुरक्षा	९,८५,३००.००	९,८५,३००.००	४९,४९,३३४.००	४९,४९,३३४.००
२८०००	अन्य खर्च	१६,९६,५९१.००	१६,९६,५९१.००	१५,६१,०७७.००	१५,६१,०७७.००
४	पूंजीगत	२५,६३,२१,२४३.००	२५,६३,२१,२४३.००	२७,८९,०४,३८७.००	२७,८९,०४,३८७.००
३१११०	भवन तथा संरचना	६९,१०,३१९.००	६९,१०,३१९.००	३,४२,२३,८२०.००	३,४२,२३,८२०.००

३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	२६,६३,९०५.००	२६,६३,९०५.००	८५,७२,६५६.००	८५,७२,६५६.००
३११३०	अन्य पूँजीगत खर्च	०	०	३६,७१,६२९.००	३६,७१,६२९.००
३११५०	सार्वजनिक निर्माण	२४,६७,४७,०१९.००	२४,६७,४७,०१९.००	२३,२२,४४,२८२.००	२३,२२,४४,२८२.००
३११७०	पूँजीगत सुधार खर्च	०	०	१,९२,०००.००	१,९२,०००.००
ख)	कुल जम्मा भुक्तानी	६६,३१,६४,२०६.०७	६६,३१,६४,२०६.०७	७०,०३,९४,६०६.३५	७०,०३,९४,६०६.३५
ग)	बचत /कमी (ग = क-ख)	३,५५,७७,१०८.८१	३,५५,७७,१०८.८१	(१,१९,३७,४४१.१९)	(१,१९,३७,४४१.१९)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	३४,५३,३९५.००	३४,५३,३९५.००	(१४,००,४२८.००)	(१४,००,४२८.००)
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी	२,१३८.००	२,१३८.००		
ङ)	यस आ.ब.को नगद तथा बैंक	३,९०,३०,५०३.८१	३,९०,३०,५०३.८१	(१,३३,३७,८६९.१९)	(१,३३,३७,८६९.१९)

	मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)				
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	३,५८,६८,०९२.५८	३,५८,६८,०९२.५८	४,९२,०५,९६१.७७	४,९२,०५,९६१.७७
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	७,४८,९८,५९६.३९	७,४८,९८,५९६.३९	३,५८,६८,०९२.५८	३,५८,६८,०९२.५८

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।